नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७९ असार महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-२ अंक-११

## १. परिचय

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरूप बाल अधिकारको संरक्षण र संवर्द्धनका कार्यहरू गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद्को गठन भएको छ । यस परिषद्ले तिनवटै तहका सरकारहरूलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरू गर्ने परिषद्को जिम्मेवारी रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र संवर्द्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषद्ले २०७९ असार महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर असार महिनामा हराएका उजुरी परेका ४९२ जना (बालक १५७ र बालिका ३३५) बालबालिकाको खोजतलास गरी ३५३ जना (बालक ११६ र बालिका २३७) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने १३९ जना बालबालिका (बालक ४१ र बालिका ९८)को खोजतलास कार्य जारी रहेको छ । त्यसैगरी वेवारिस अवस्थामा ३४ जना (बालक २५ र बालिका ९) बालबालिका फेला परेका थिए । जसमध्ये १९ (बालक १५ र बालिका ४) जना बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १५ (बालक १० र बालिका ५) बालकलाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।




ख) असार महिनामा १८ जना सडक बालबालिका (बालक १५ र बालिका ३) को उद्धार गरिएको छ भने गत यस आ. व. मा अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका १९ जना (बालक १३ र बालिका ६) लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस आ. व. भन्दा अगाडि अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका ७८ जना (बालक ६१ र बालिका १७)जनाको पारिवारिक पुर्नमिलन

गरिएको छ । यसै गरी यस महिनामा २१ जना बालबालिका (बालक १८ र बालिका २) लाई अस्थायी संरक्षणा सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा निरन्तर सहयोग हुँदै आइरहेको छ । जस अनुसार कैलाली ५, बाँके ३, सुर्खेत २०, दैलेख २, चितवन २, कालिकोट ५, कास्की २, बारा ७, धनुषा ५०, उदयपुर ४, रूपन्देही २, मकवानपुर ८, सुनसरी २, मोरङ्ग ११, काठमाडौंबाट १२, इलाम ४ र संखुवासभाबाट १ जना गरी जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका कूल १४० जना (बालक ५२ र बालिका ८८) बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ६९ जना बालबालिका (बालक ३४ र बालिका ३५)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ३१ जना (बालक ९ र बालिका २१)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने ४१ जना (बालक ९ र बालिका ३२)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को असार मसान्तसम्म कुल ११६९६ जना बालबालिका (बालक ४७२२ र बालिका ६९७४)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| **क.स.** | **सहयोगको विवरण** | **बालक** | **बालिका** | **जम्मा** |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोग | २०३ | ३४९ | ५५२ |
| २. | मनोसामाजिक मनोविमर्श | १४६५ | १८३० | ३२९५ |
| ३. | पारिवारिक परामर्श | ११९३ | १७४३ | २९३६ |
| ४. | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | ४०२ | ५७३ | ९७५ |
| ५. | कानूनी परामर्श | २५८ | ६३२ | ८९० |
| ६. | शैक्षिक सहयोग | ५११ | ७४७ | १२५८ |
| ७. | आयआर्जन सहयोग | ३९ | ७६ | ११५ |
| ८. | बाल विवाह रोकथाम सहयोग | ५८ | २२८ | २८६ |
| ९. | अन्य सहयोग | ५९३ | ७९६ | १३८९ |
| | **जम्मा** | ४७२२ | ६९७४ | ११६९६ |

(घ) यस महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका ११० वटा बालगृहका ७२० जना (बालक ३२४ र बालिका ३९६) बालबालिकालाई बालगृहहरूले पारिवारिक पुनर्मिलन गराएका छन्।

(ङ) परिषद्को चालु आ.व. २०७८/७९ वार्षिक स्वीकृत कार्यक्रम बमोजिम अपाङ्गता भएका बालबालिकालाई सम्भावित उपचार, पुनः स्थापना सहायता तथा कृतिम हातखुट्टा निर्माण एवम् सहयोग उपलब्ध गराउनको कार्यक्रम अन्तरगत जम्मा ३८ जना बालबालिकालाई उपचार सेवा प्रदान गरिएको छ ।

(च) दोलखा, हुम्ला, बाँके, काठमाडौं जिल्लाका अभिभावक विहीन, अभिभावक शारीरिक रुपमा असक्तताका कारणले संरक्षणको आवश्यकता भएका ५ जना (बालक ४ र बालिका १) बालबालिकालाई अस्थायी संरक्षणमा राखी मनोविर्मश, उपचार, पठनपाठन, कानूनी उपचार सहित अस्थायी संरक्षणको प्रबन्ध गरिएको छ भने अभिभावक विहीन कैलाली र दोलखा जिल्लाका ३ जना बालिकालाई वैकल्पिक स्याहारको व्यवस्था गरिएको छ।

(छ) मकवानपुर जिल्ला साविक पदमपोखरी गाविस सुकुम्बासीटोलबाट बाबु आमाको नाम थाहा नभएको बज्रबाराही गाविस वडा नं १ हाल थाहा नगरपालिका वडा नं. ६ बस्ने पूर्णराज कपाली र नीजको श्रीमती बाल कुमारी कपालीले राख्दै आएको बालिका नम्रता कपाली (कपाली दम्पत्तीले राखिदिएको नाम) को जन्मदर्ता बनाउनका लागि सहजीकरण गरिएको थियो ।

(ज) विशेष संरक्षणको आवश्यकता भएका ७ (बालक ५ र बालिका २) जनालाई आर्थिक सहयोग प्रदान गरिएको छ । उक्त बालबालिका मध्ये ३ जनालाई क्यान्सर भएका कारण उपचार खर्च स्वरुप र अन्य ४ जनालाई पालनपोषण तथा शैक्षिक सहयोग स्वरुप आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

(झ) यस महिनामा राष्ट्रिय बाल अधिकार परीषद्, श्रम तथा रोजगार कार्यालय काठमाडौं, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ काठमाडौं, सम्बन्धित स्थानीय प्रहरी र बालहेल्पलाइन १०९८ ललितपुर महानगरपालिका वडा नं ४को ९ बालकुमारी स्थित बुद्धिविनायक मार्गमा मंगलादेवी तामाङको घरमा उदयपुर जिल्ला गाइघाट नगरपालिका वडा नं ४ को शोभित चौधरीको छोरी

अन्दाजी १३ की अस्मिता चौधरीलाई घरधनी तामाङले घरायसी कामकाज गराई विद्यालय नपठाएको, पारिश्रमिक नदिइएको आफन्तको घरमा काम गर्न पठाउने गरेको पाइएकोले उद्धार गरी अस्थायी संरक्षण प्रबन्ध गरिएको छ । बालश्रम गराउनेलाई कानून बमोजिम नियमन र बालबालिकाको थप संरक्षणका निम्ति कार्य अगाडि बढाइएको छ ।

## ४. समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७९ असार १३ गतेका दिन राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा पञ्जीकरण विभाग, काठमाडौं, उपत्यकाका ८ वटा स्थानीय तहका बालकल्याण अधिकारी र पञ्जीकरण शाखामा कार्यरत कर्मचारीसँग अन्तरक्रिया तथा सुझाव आदान प्रदान कार्यक्रम होटल यलो पगोडा जमलमा २७ जनाको सहभागितामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा बालबालिका जन्मदर्ता र नागरिकताका सवालमा समस्या आएका विषयवस्तुमा छलफल गरी समस्या समाधान गर्नका लागि समेत पहल गरिएको छ ।

(ख) मिति २०७९ असार २७ गतेका दिन राष्ट्रिय बाल अधिकार परिषद्का निवर्तमान कार्यकारी निर्देशकको विदाई तथा नव नियुक्त उपाध्यक्ष, सदस्य सचिव र तीन जना नवनियुक्त सदस्यज्यूहरुको स्वागत तथा पदवहाली कार्यक्रम सम्पन्न भएको छ ।






ग) नेपाल रग्बी संघ र बागमति खेलकुद परिषद्को साझेदारीमा मिति २०७९असार १६ गते बागमती टच रग्बी प्रतियोगितामा राष्ट्रिय बाल अधिकार परिषद्ले सडकबाट उद्धार गरी अस्थायी संरक्षणमा रहेको रग्बी खेलको प्रशिक्षण लिइरहेका १० जन बालक र २ जना प्रशिक्षकको सहभागिता रहेको थियो ।








(घ) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण, मन्त्रालयको परिपत्र पश्चात र स्थानीय तहसँगको निरन्तर अन्तरक्रियाबाट स्थानीय तहमा बाल अधिकारको कार्यन्वयनका लागि हालसम्म २९० वटा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी २०६ स्थानीय तहमा बाल अधिकार समिति गठन भएको छ । यसका साथै १९७ स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १८० स्थानीय तहमा बालकोष स्थापना गरी परिचालन भएको छ ।

**बालबालिका सम्बन्धी ऐन २०७५ मा भएका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था**

| प्रदेश | बाल अधिकार समिति | बालकोष | बाल कल्याण अधिकारी | बाल संरक्षण तथा संवर्द्धन कार्यविधि |
|---|---|---|---|---|
| प्रदेश नं १ | ४० | ३४ | ५४ | ८० |
| मधेश | ४३ | ११ | ४८ | ४९ |
| बागमती | ५७ | ६४ | २७ | ७४ |
| गण्डकी | १३ | १५ | १२ | ११ |
| लुम्बिनी | ११ | १५ | ६ | १७ |
| कर्णाली | २३ | १६ | ४१ | ३५ |
| सुदूरपश्चिम | २० | २५ | ८ | २४ |
| जम्मा | २०६ | १८० | १९७ | २९० |


## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम


क) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७९ असार मसान्तसम्म २० वर्षसम्मका ८६ हजार ७ सय ७२ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका २२ हजार ४ सय ६ जना बालबालिका (बालक १३०६८ र बालिका ९३३८) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना, दोस्रो भेरियन्टका कारण ५० र तेस्रो भेरियन्टका कारण २ गरी जम्मा ९० जना बालबालिकाले कोभिडका कारण जीवन गुमाउनु परेको छ । स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार चैत्र मसान्तसम्ममा १२ देखि १८ वर्षका ३१ लाख ४५ हजार ४ सय ५१ जना बालबालिकाले पहिलो डोज खोप लगाइसकेका छन् भने २५ लाख ८४ हजार ४ सय २९ जना बालबालिकाले दुवै डोज खोप प्राप्त गरिसकेका छन्।यसका साथै यस असर महिनामा २ लाख ५ देखि ११ वर्ष उमेर समूहका बालबालिका समेत खोप लगाउने कार्य सुरु भैसकेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।











## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका २२ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




*राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।*


रामबहादुर चन्द

सूचना अधिकारी

राष्ट्रिय बाल अधिकार परिषद्

सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ . ९८४१३८६८७१ म)ो(.

इमेल:- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np

वेवसाइट:-www.ncrc.gov.np,

ई-पोर्टल:- www.childrights.gov.np

Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov

Twitter:- https://twitter.com/ChildNcrc